बालबालिकाका लागि बाइबल

को प्रस्तुती



# एक राजकुमार गोठालो भएको

लेखन: Edward Hughes

चित्र: M. Maillot; Lazarus

संयोजन: E. Frischbutter; Sarah S.

अनुवाद: Mrs. Trifaina Subba

प्रकाशक: Bible for Children
www.M1914.org

©2015 Bible for Children, Inc.
अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।



एकदिन एउटा हिब्रूलाई एउटा मिश्रीले
हिर्काइरहेका देखे। उनी फिरऊनको
महलमा राजकुमार झैं हुर्के
अनि षिक्षा लिएता पनि
तिनी हिब्रू नै थिए।
तिनले त्यस दासलाई
सहायता गरे।

तिनले यता उता हेरे र कोही पनि नदेख्दा त्यस मिश्रीलाई मारेर बालुवामा पुरिदिए।



भोलिपल्ट त्यहाँ दुइ हिब्रूरहरू कुटपीट गरिरहेका देखे तब तिनले तिनीहरूलाई रोके। एकले भने, “त्यस मिश्रीलाई मारेजस्तो मलाई पनि मार्न चाहन्छौं?” मोषा डराए। सबैले थाह पाए फिरऊनले पनि। मोषा बाँच्न चाहन्थे र भागेर मिद्यान देषमा गए।



मोषा आराम गरिरहेको बेला मिद्यानका पूजाहारीका सात जना छोरीहरू पानी भर्नलाई आए, र आफ्ना बाबुका भेड़ा-बाख्रालाई पानी खुवाउन डूँड़ भर्नलागे।



अरू गोठालाहरूले यिनीहरूलाई हटाउनथाले तर मोषाले तिनीहरूलाई रक्षा अनि सहायता गरे।





रूएलले तिनीहरूलाई भेन, “तिमीहरू कसरी आज यति चाँड़ै आयौं?” जब छोरीहरूले व्याख्या गरे तब किन उनले भने, “त्यस मानिसलाई बोलाऊ।” मोषा रूएलसंग बसे जसलाई यित्रो पनि भनिन्थ्यो। मोषाले रूएलको जेठी छोरीलाई विवाह गरे।



जब मिश्रका राजा फिरऊन मरे।
परमप्रभुको मानिसहरू हिब्रूहरू
सबै दासहरू नै थिए। उनीहरूको
पिड़ा कसरी सहिरहेको थियो;
कसरी तिनीहरूले परमप्रभुलाई

पुकारा गरे;
परमप्रभुले तिनीहरूको
प्रार्थना सुन्नुभयो।

मोषालाई थाह थिएन तर मोषाद्वारा ती हिब्रूहरूलाई सहायता गर्ने परमप्रभुको योजना थियो। चालिस वर्श भएको थियो मोषाले मिश्र देष छोड़े। मोषा रूएलको भेड़ा-बाख्राका गोठालो थियो तर मिश्रमा उनीहरूको मानिसहरूलाई सम्झना गरे।



एकदिन जलिरहेको पोथ्रामा मोषाले सूचना पाए। तर आगोले पोथ्रालाई जलाएको थिएन अनि मोषाले खोज्न थाले किन यस्तो भएको।



मोषाले खोजिरहेका देख्नुभयो तब परमप्रभुले पोथ्राको बीचबाट “मोषा!” भनी बोलाउनुभयो। “हजूर” भनी मोषाले भने। “यता नजीक नआइत। तेरो खुट्टाबाट जुता फुकाल, किनभने तँ उभिएको ठाउँ पवित्र भूमि हो।” भनी परमप्रभुले भन्नुभयो।



परमप्रभुले भन्नुभयो, “म तँलाई फिरऊनकोमा मेरा प्रजाहरूलाई मिश्रबाट निकाल्नलाई पठाउँछु।”
तर मोषा जान डराए।



त्यसपछि परमप्रभुले आफ्नो महान् षक्ति मोषालाई प्रकट गर्नुभयो। उहाँले मोषाको लौरोलाई साँपमा परिवर्तन गर्नुभयो।



फेरि परमप्रभुले अर्को चिन्ह दिनुभयो कि जब मोशाले त्यो साँपलाई पुच्छरबाट समाते तब त्यो लौरो भइहाले।



"आफ्नो हात छातीमा राख" भनी आदेष दिनुभयो तब मोषाले त्यही गरे। तिनको हात कुश्ट रोगमा परिवर्तन भयो।



जब फेरि तिनले त्यसै गरे तब तिनको हात निको भयो।



मोषाले परमप्रभुलाई भनिरहे, “म राम्रो बोल्न पनि सक्तिनँ।” परमप्रभु रिसाउनुभयो र भन्नुभयो, “म तिम्रो दाजू हारूनलाई तैलें सबै कुरा बता।”



मोषा यित्रोमा फर्केर आफ्नो समान लिएर मिश्रको लागि निस्के।



परमेष्वरले हारूनलाई मोषासंग भेट गर्न ड़ाँड़ामा लानुभयो। मोषाले हारूनलाई सबै कुरा परमेष्वरको योजना मिश्रबाट हिब्रूहरूलाई स्वतन्त्र गराउन भनी बताए।



दुवैजनाले त्यो खबर हिब्रू अगुवाकहाँ ल्याए। जब मोषाले हिब्रू अगुवाहरूलाई चिन्ह देखाए, तिनीहरूले थाहै पाए कि परमेष्वरले तिनीहरूलाई सहायता गर्नुहुन्छ।



सबैजना तिनीहरू घोप्टो परेर दण्डवत् गरे।



साहस गरी मोषा अनि हारून फिरऊनकहाँ गए। “परमप्रभुले भन्नुभयो, मेरो प्रजालाई जान दे” भनी तिनीहरूले भने।



“म इस्राएललाई जान दिनेछैन” भनी फिरऊन जवाफ दिए। उनले परमप्रभुको आज्ञा मानेनन्।



परमेष्वरले आफ्नो महान् षक्ति फिरऊनको मनलाई परिवर्त गर्न देखाउन सक्नुहुन्थ्यो।



# एक राजकुमार गोठालो भएको

## परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

प्रस्थान 2-5

“तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ।”
भजनसंग्रह ११९:१३०

समाप्त

बाइबलको यो कथाले हाम्रा अद्भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो। तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्नो घरमा जानुभयो १ यदि तिमीले प्रभु येशूमा विश्वास गर्‍यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गर्‍यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ १ अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ।

यदि तिमी यो कुरा साँचो हो भनी विश्वास गर्छौ भने परमेश्वरलाई यसो भनः
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु। कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ। तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस्। आमेन।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर १ यूहन्ना ३:१६